# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं:१६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर


मिति: २०८०।०५।१०

## संविधानको मूल मर्मलाई संरक्षण गर्न अपील

नेपालको संविधानको भाग-१ प्रारम्भिकको धारा-४ को स्पष्टीकरणमा “ सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायतका धार्मिक, साँस्कृतिक स्वतन्त्रतालाई अक्षुण्य राख्न पर्दछ” भनी उल्लेख गरेको छ । ठीक त्यसै भागको धारा-९ को उपधारा- ३ अनुसार “राष्ट्रिय जनावर गाई हुनेछ” भनी उल्लेख भएको छ ।

यस संवैधानिक प्राबधानलाई प्रत्येक नागरिकले बाध्यकारी रुपमा पालन गर्नुपर्ने हुन्छ । तर यस संवैधानिक प्राबधान विपरीत मुलकका विभिन्न भागहरुमा क्रियाकलाप गरिदै आएको देखिन्छ । संवैधानिक प्राबधानहरुलाई कडाईका साथ पालन गराउन आयोग नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ ।

यसै क्रममा सुनसरी जिल्लाको धरानमा संवैधानिक प्राबधान विपरीत गाई गोरुलाई हत्या गरी सार्वजनिक रुपमै भोजको आयोजना भएको छ । यो क्रियाकलाप संविधान विपरीत रहेको छ । संविधान विपरीत कार्य गर्ने जो कोहिलाई कानुनी दायरामा ल्याई संविधानको सुरक्षा गर्दै धार्मिक, सामाजिक, साँस्कृतिक एवं सामुदायिक सद्भाव कायम राखी दोषी माथि अविलम्ब कारवाही गरी शान्ति सुरक्षा एवं समस्या समाधानका लागि यथाशिघ्र पहल हुन आयोग अपेक्षा गर्दछ ।

(रुद्र प्रसाद लामिछाने)
सचिव